# Nepalgunj Campus Of Management and Technology

**Nepalgunj, Banke**

www.nepalgunjcollege.edu.np

Reg.No:112854/69/70

Email: info@nepalgunjcollege.edu.np

प.स.: २०८२/८३-०६ **शाखा अधिकृत** मितिः २०८२/०५/०५ गते

श्री जिल्ला समन्वय समितिको कार्यालय
लुम्बिनी प्रदेश (सबै)

जि.स.स.को कार्यालय,बाँके
मिति: २०८२।५।५
दर्ता नं.: ८६

**विषयः छात्रवृत्ति तथा प्रवेश परिक्षा सम्बन्धी जानकारी गराईदिनुहुन बारे।**

महोदय,

यस क्याम्पसले आफ्नो १२ औं वार्षिकोत्सवको अवसरमा स्नातक तह अन्तर्गत सञ्चालित **BSc.CSIT र BCA दुवै कार्यक्रमका लागि यस शैक्षिक सत्र २०८२/८३ को लागि** १२/१२ जना गरी कुल २४ जना विद्यार्थीलाई विभिन्न स्तरमा छात्रवृति प्रदान गर्ने निर्णय गरेको छ। छात्रवृत्तिको छनोट **त्रिभुवन विश्वविद्यालयद्वारा लिइने प्रवेश परीक्षा (४०%), क्याम्पस स्तरको छात्रवृत्ति परीक्षा (४०%), महिला र आर्थिक रुपमा असक्षम विद्यार्थीको सिफारिस (२०%)** को आधारमा हुने छ। साथै, समावेशी समूह (महिला, आर्थिक रुपमा असक्षम) को हकमा विद्यार्थीको **आफू बसोबास गर्ने वडा वा पालिकाको सिफारिस अनिवार्य हुने व्यवस्था गरिएको छ।**

यसरी प्रदान गरिने छात्रवृत्तिवाट BSc.CSIT मा जम्मा रु. १९,४०,०००/- र BCA मा जम्मा रु. १५,६०,०००/- बराबरको रकम छात्रवृत्तिका रुपमा विद्यार्थीलाई लाभ पुग्नेछ।

यस छात्रवृत्ति योजनाले लुम्बिनी प्रदेशका मेधावी तथा आर्थिक कठिनाइमा रहेका विद्यार्थीलाई अवसर प्रदान गर्ने, स्थानीय स्तरमै गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने र विद्यार्थीको अनावश्यक रूपमा विदेशिने प्रवृत्तिलाई न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ।

साथै, यस **शैक्षिक सत्र २०८२/८३ का लागि BSc.CSIT र BCA कार्यक्रमको प्रवेश परीक्षाको फाराम समेत खुलिसकेको** हुँदा इच्छुक विद्यार्थीले समयमै आवेदन भर्न सक्ने व्यवस्था गरिएको जानकारी समेत गराइन्छ।

तसर्थ, यस सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालयमार्फत लुम्बिनी प्रदेशका सम्पूर्ण सरोकारवाला निकाय र पालिकाहरुलाई जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद।

सादर,

(क्याम्पस प्रमुख)
नेपालगञ्ज क्याम्पस अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी
गणेशमान चोक, नेपालगञ्ज

NEPALGUNJ CAMPUS OF MANAGEMENT & TECHNOLOGY NEPALGUNJ,BANKE

Nepalgunj Campus Of Management & Technology
Banke,Nepalgunj
081-522883